# **चिकित्सक नाम दर्ता तथा विशेष परीक्षा सञ्चालन कार्यविधि २०७७**

**प्रस्तावना**

नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को नियम ७ र २१ तथा नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २० मा भएको व्यवस्था बमोजिम नेपाल मेडिकल काउन्सिलले चिकित्सक नाम दर्ता प्रमाणपत्र परीक्षा सञ्चालनका लागि देहायबमोजिमको कार्यविधि बनाएको छ ।

## **परिच्छेद-१**

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यी कार्यविधिहरुको नाम "चिकित्सक नाम दर्ता तथा विशेष परीक्षा सञ्चालन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा -

(क) "ऐन" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० सम्झनु पर्छ ।

(ख) "नियामावली" भन्नाले नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ सम्झनुपर्छ ।

(ग) "काउन्सिल" भन्नाले ऐनको नियम ३ बमोजिम स्थापित नेपाल मेडिकल काउन्सिल सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले नेपाल मेडिकल काउन्सिलको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "नाम दर्ता" भन्नाले चिकित्सकको रुपमा दर्ता कितावमा गरिने नाम दर्ता सम्झनुपर्दछ ।

(छ) "दर्तावाला चिकित्सक" भन्नाले दर्ता किताबमा नाम दर्ता भएका चिकित्सक सम्झनु पदर्छ ।

(ज) "विशेषज्ञ चिकित्सक" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री, डिप्लोमा प्राप्त गरेको एवं तोकिए बोजिमको विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित व्यवसायमा लागेको चिकित्सक सम्झनु पर्छ ।

(झ) "परीक्षा" भन्नाले काउन्सिल नामदर्ता प्रमाण-पत्र (लाईसेन्स) तथा विशेषज्ञ दर्ताका लागि लिइने विशेष परीक्षाका समेत सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले काउन्सिल नियमावलीको नियम २० बमोजिम गठित परीक्षा समितिलाई सम्झनुपर्छ ।

(ट) "संयोजक" भन्नाले परीक्षा समितिको संयोजकलाई सम्झनुपर्छ ।

## **परिच्छेद-२**

<u>परीक्षा समितिको गठन, काम कर्तव्य र अधिकार</u>

३. **परीक्षा समिति** : (१) चिकित्सकको नाम दर्ता प्रमाणपत्र प्रयोजनको लागि काउन्सिल नियमावलीको नियम २० बमोजिमको परीक्षा समिति अध्यक्षको सिफारिसमा काउन्सिलले गठन गर्नेछ ।

(क) परीक्षा समितिमा एकजना संयोजक, एकजना सह-संयोजक र अधिकतम पाँचजना सदस्यहरु गरी अधिकतम सातजना रहनेछन् ।

(२) परीक्षा समितिको काम कर्तव्य र अधिकार : परीक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) काउन्सिल ऐन बमोजिम चिकित्सा विज्ञान विषयको गुणस्तर कायम राख्नको लागि नाम दर्ता गराउन चाहने चिकित्सकलाई नियमावलीको नियम २० मा भएको व्यवस्था बमोजिम तोकिएको तह र विषयमा नाम दर्ता प्रयोजनका लागि काउन्सिलले तोकेको ढाँचामा परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) परीक्षाको पाठ्यक्रम तयार पारी स्वीकृतिका लागि काउन्सिल समक्ष सिफारिस गर्ने,

(ग) परीक्षा हुने विषयको प्रवेश पत्र जारी, परीक्षा सञ्चालन, निरिक्षण, परीक्षण र नतिजा प्रकाशन गर्ने,

(घ) परीक्षामा उत्तीर्ण उम्मेदवारहरुको नतिजा प्रमाणित गरी प्रमाणपत्रको लागि काउन्सिल समक्ष सिफारिस गर्ने,

(ङ) परीक्षाको कार्य तालिका प्रकाशनका लागि काउन्सिल समक्ष सिफारिस गर्ने,

(च) परीक्षा मर्यादित र निश्पक्ष नभएको भनी केन्दाध्यक्षले प्रतिवेदन दिएमा, जाँचबुझ गरी कुनै केन्द्र वा पूरै परीक्षा रद्द गर्ने र सोको जानकारी काउन्सिललाई गराउने,

(छ) परीक्षा सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थाको अलवा सुरक्षा र अन्य व्यवस्था गर्ने,

(ज) परीक्षाको आचार संहिता विपरीत कार्य गर्ने परीक्षार्थीहरुलाई परीक्षार्थीले गरेको कार्य प्रकृतिलाई हेरी परीक्षाबाट निश्कासन गर्ने तथा एक वर्षदेखि तीन वर्षसम्म परीक्षामा संलग्न हुन नपाउने गरी कारवाहीको लागि काउन्सिल समक्ष सिफारिस गर्ने,

(झ) परीक्षाको लागि आवश्यक पर्ने प्रश्नपत्र, मूल्याङ्कन, आदि कार्यमा संलग्न हुनेलाई प्रदान गर्ने पारिश्रमिक तोक्न काउन्सिलमा सिफारिस गर्ने,

(ञ) परीक्षा सञ्चालनका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ट) परीक्षाको लागि आवश्यकता अनुसार थप जनशक्ति पहिचान गर्ने र पारिश्रमिकका लागि सिफारिश गर्ने,

(ठ) कार्यविधिमा उल्लेख नभएको विषयमा काउन्सिलले समय समयमा दिएको निर्देशनलाई कार्यान्वयन गर्ने ।

(३) नियम ३(२) मा जुनसुकै कुरा लेखिएको भएता पनि परीक्षाको प्रश्नपत्र बनाउन र प्रश्नपत्र संसोधन गर्नका लागि परीक्षा समिति संयोजकले सम्बन्धित विषयका विज्ञहरु तोक्न सक्नेछ ।

(४) परीक्षा समितिको उत्तरदायित्व र पदावधि :

(क) परीक्षा समिति काउन्सिलप्रति पूर्ण रुपमा उत्तरदायि हुनेछ ।

(ख) परीक्षा समितिको सदस्यको पदावधि काउन्सिलले तोकेबमोजिम हुनेछ, निज पुनः मनोनयन हुन सक्नेछन् ।

(५) नियम ३(४) मा जुनसुकै कुरा लेखिएको भएतापनि परीक्षा समिति सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेमा वा जिम्मेवारी पुरा नगरेमा निजलाई काउन्सिलले जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(६) नियम ३(१) बमोजिमको सदस्य मनोनयन हुँदाको पदमा वहाल नरहेमा निजको पदावधि स्वतः समाप्त हुनेछ ।

४. **परीक्षा समितिको बैठक तथा निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र समयमा काउन्सिलको कार्यालयमा बस्नेछ ।

(२) समितिको बैठक हुनुभन्दा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सचिवले सदस्यहरुलाई दिनेछ ।

(३) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा सह-संयोजक र सह-संयोजकको अनुपस्थितिमा संयोजकले तोकेको सदस्यले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय संयोजकले प्रमाणित गरी राख्नेछ ।

(७) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिका संयोजक, सदस्य र आमन्त्रित सदस्यले काउन्सिलले तोकेबमोजिमको बैठक भत्ता पाउनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि काउन्सिलले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

### चिकित्सक नाम दर्ता तथा विशेष परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

५. **चिकित्सक नाम दर्ता तथा विशेष परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) काउन्सिलबाट तोकिएको तह र विधाको परीक्षा सञ्चालन सामान्यतयाः प्रत्येक चार/चार महिनामा हुनेछ ।

(२) परीक्षा सञ्चालन हुने विषय, तह र लागू हुने मिति काउन्सिलको निर्णय बमोजिम हुनेछ ।

(३) परीक्षा समितिको सिफारिरिमा परीक्षाको मिति, स्थान र समय काउन्सिलले तोके बमोजिम हुनेछ । परीक्षाको सूचना राष्ट्रिय दैनिक पत्रिका र काउन्सिलको वेवसाईट मार्फत सार्वजनिक गरिनेछ । निर्धारित परीक्षाको मिति र समय काउन्सिलको निर्णयले परिवर्तन वा फेरबदल गर्न सकिनेछ ।

६. **दरखास्त दिने म्याद तथा परीक्षा दस्तुरः** (१) काउन्सिलले कम्तिमा एक्काइस दिनको म्याद दिई परीक्षा आवेदनका लागि दरखास्त आह्वान गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिन नसक्ने उम्मेदवारले दरखास्त दिने म्याद समाप्त भएको मितिले काउन्सिलले तोकेको मितिभित्र थप दस्तुर तिरी दरखास्त फाराम बुझाउन सक्नेछ ।

(३) साधारणतयाः दरखास्त दिने अन्तिम मितिको पन्ध्र दिनभित्र परीक्षा सञ्चालन हुनेछ ।

(४) परीक्षा फाराम भरिसकेपछि प्रवेशपत्र परीक्षार्थी स्वयंले परीक्षा हुने मिति अगाबै डाउनलोड गरी तोकिएको प्रकृया पूरागर्नु पर्नेछ । परीक्षा दिन आउदाँ सो प्रवेशपत्र साथमा लिएर आउनु पर्नेछ ।

(५) परीक्षा दस्तुर समितिको सिफारिशमा काउन्सिलले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

### प्रश्न तथा प्रश्नपत्र तयारी सम्बन्धी व्यवस्था

७. **प्रश्न बैंक** (question Bank) **तयारीको व्यवस्था :** (१) दर्ता प्रमाणपत्र तथा विशेष परीक्षा संचालनका लागि सबै विषय र विधाका लागि आवश्यक प्रश्न बैंक स्थापना गरिनेछ ।

(२) परीक्षामा वहुविकल्प एक सही उत्तर भएको वस्तुगत प्रश्न (single best response multiple choice question) प्रयोग गरिनेछ ।

(३) प्रत्येक कार्यक्रम (मेडिकल र डेण्टल) तथा तह अनुसार मूल्याङ्कन गरिनुपर्ने विषयको अन्तरवस्तुको खाका (testing blue print) तयार पारिनेछ ।

(४) परीक्षा हुने विषयको विषय तथा पाठको सूचि तथा कोडिङ्गका आधारहरु - विषय र तह अनुसार कोडिङ्ग गरिनेछ । कोडिङ्ग गर्दा सामान्यतया शरीर प्रणालीलाई आधार मानिनेछ । एक भन्दा बढी विषय तथा तहमा पर्ने विषय सूचि वा पाठ भएमा विषय वा शरीर प्रणालीलाई आधार मानिनेछ । सूचि तयार पार्दा सामान्य विषय सूचिबाट शुरु गरी क्रमशः विशिष्ट विषय सूचि तयार पारिनेछ । सूचि तयारीको क्रम-

(क) विषय र तह

(ख) मुलविषयको सामान्य पक्ष - भूमिका, जानकारी, आधारभूत सिद्धान्त तथा विकास

(ग) शरीर प्रणाली, उपप्रणाली, अंग, तन्तु तथा परातन्तु

(५) परीक्षा हुने विषयको विषय तथा पाठको सूचि तयार पारि सम्वन्धित विषयको विज्ञको सहायतामा तिनको सूचिकरण तथा कोडिङ्ग गरिनेछ । प्रश्न बैंकका लागि

काउन्सिलको गोप्य शाखामा पहिलेदेखि नै भएका प्रश्नहरु, नवनिर्मित प्रश्नहरु र आधिकारिक मानिएका किताबहरुमा भएका प्रश्नहरु संकलन गरी राखिनेछ ।

(६) कोडिङ्ग गरि तयार परिएका प्रश्नहरुलाई सम्बन्धित विषयविज्ञबाट मूल्याङ्कन गराइनेछ ।

(७) प्रश्नहरुको प्रमाणिकता मूल्याङ्कनका लागि सम्बन्धित विषयमा पाँच वर्षको अनुभवी विज्ञद्धारा र त्यसपछि दश वर्ष भन्दा बढी अनुभवी विज्ञद्धारा मूल्याङ्कन गराइनेछ । यस्तो कामका लागि प्राध्यापन अनुभव भएकालाई प्राथमिकता दिईनेछ । हरेक प्रश्नलाई तह तथा विषय अनुसारको जटीलताको तह (डिफिकल्टी इन्डेक्स) निर्धारण गरिनेछ ।

(८) प्रश्नको मूल्याङ्कका आधारहरु निम्नानुसार हुनेछन् -

(क) सम्बन्धित विषयबस्तुको दायराभित्र रहेनरहेको

(ख) लक्षित समूहको तह अनुसारको आवश्यक ज्ञान तथा सीप भएनभएको

(ग) कुनै वर्ग वा समुदाय विशेषलाई पेच पार्ने, होच्याउने भाष प्रयोग भएनभएको

(घ) प्रश्न अनुसार सही उत्तर भएनभएको

(९) विषय विज्ञको मूल्याङ्कनमा उपयुक्त ठहरिएका प्रश्नहरुलाई प्रश्न बैंकमा राखिने र बैंकलाई अध्यावधिक गरिनेछ ।

(१०) अन्तरवस्तुको खाका अनुसार आवश्यक हरेक कोडबाट आवश्यक संख्यामा कम्प्यूटर विधिबाट समान संभाव्यता हुने गरी प्रश्न बैंकबाट प्रश्नहरु छानि प्रश्नपत्र बनाईनेछ ।

(११) छानिएका प्रश्नहरु सहितको प्रश्नपत्रलाई विषयविज्ञबाट जाँच गराई दोहोरिएको, गल्ती भएको, तह नमिलेको वा अनुपयुक्त भएनभएको अन्तिम मूल्याङ्कन गरी परीक्षामा प्रयोग गरिनेछ ।

(१२) परीक्षाको क्रममा परीक्षार्थीहरुले प्रश्न सम्बन्धी दिएका पृष्ठपोषण ग्रहण गर्न, मूल्याङ्कन गर्न र आवश्यक भए प्रश्नलाई तत्काल परिवर्तन गर्न सकिनेछ । यसरी परिवर्तन गरिएका प्रश्नहरु सबै परीक्षार्थीलाई जानकारी गराई यसको अभिलेख राखिने छ ।

(१३) परीक्षा पश्चात परीक्षार्थीहरुले दिएका उत्तरहरुका आधारमा सोधिएका हरेक प्रश्नको वस्तु विश्लेषण (आइटम एनालिसिस) गरिनेछ । सो प्रयोजनका लागि छुट्टै विज्ञको व्यवस्थापन गर्न सकिनेछ ।

(१४) वस्तु विश्लेषणमा उपयुक्त ठहरिएका प्रश्नलाई प्रश्न बैंकमा कायमै राख्ने, सुधार्नु पर्नेलाई सुधार्ने र हटाउनु पर्नेलाई हटाइनेछ ।

(१५) प्रश्न बनाउँदा वा छनोट गर्दा निम्नानुसार ध्यान दिनु पर्नेछ -

(क) सबै उत्तरहरु सही छन्, सबै उत्तरहरु गलत छन्, कुन उत्तर (छनोट) बाहेक सही वा गलत छन्, एक भन्दा बढी उत्तर सही छन् भनि प्रश्न बनाउनु हुँदैन ।

(ख) कुनैपनि विधि, पद्धती तथा आविष्कारको आविष्कारक, आविष्कार मिति सोध्न हुँदैन ।

(ग) नवीनतम विधि, पद्धती तथा आविष्कार समेत समाबेश गर्न बन्छनिय हुनेछ ।

८. **प्रश्न पत्र तयार गर्न विशेषज्ञ छनौट गर्न सक्ने** : (१) परीक्षा समितिको संयोजकले प्रश्नपत्र तयार गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञको छनौट गर्नेछ ।

(२) परीक्षा समितिको संयोजकले एउटा विषयको प्रश्नपत्र बनाउन पाँच जनासम्मको विशेषज्ञहरुको नाम छनौट गर्नेछ ।

(३) उपनियम (२) बमोजिम तोकिएको विशेषज्ञलाई संयोजकले सङ्केताङ्क वा संकेताक्षर दिई यसको विवरण गोप्य तरीकाले आफूसँगै सुरक्षित राख्नु पर्नेछ ।

(४) परीक्षा समितिले तोकेको समयभित्र विशेषज्ञले तोकिएको संख्या र प्रकृति अनुसारका प्रश्नपत्र बनाई सिलबन्दी गरेको खाम परीक्षा समितिका संयोजकलाई बुझाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमका विशेषज्ञहरुमध्ये कुनै विज्ञले तोकिएको समयभित्र प्रश्नपत्र नबुझाएमा प्राप्त भएसम्मका प्रश्नपत्रहरुका आधारमा कार्यारम्भ गर्नसकिनेछ ।

(६) प्राप्त प्रश्नपत्रहरुको आधारमा परीक्षा समितिले अन्तिम प्रश्नपत्र बनाउनेछ ।

(७) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कागजमा आधारित परीक्षाका लागि कम्तिमा दुईसेट प्रश्नपत्र नभै परीक्षाको कार्य प्रारम्भ गरिने छैन । तयार भएका अन्तिम दुइ सेट प्रश्नपत्र मध्ये गोला प्रथाद्वारा एकसेट प्रश्नपत्र छनोट गरिने छ ।

(८) शिलबन्दी गरिएको प्रश्नपत्र गोप्य र सुरक्षित राख्ने कर्तव्य परीक्षा समितिका संयोजकको हुनेछ ।

(९) परीक्षा समितिले आफ्नो काम प्रभावकारी रुपमा सम्पन्न गर्न विज्ञहरु सम्मिलित उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

९. **प्रश्नपत्र निर्माताको योग्यता** : (१) स्नातक तहको दर्ता प्रमाणपत्र परीक्षाका लागि प्रश्नपत्र निर्माण कार्यमा संलग्न हुने व्यक्तिले सम्बन्धित विषयमा स्नातकोत्तरको योग्यता हासिल गरी कम्तीमा पाँच वर्षको कार्यअनुभव हासिल गरेको हुनु पर्नेछ ।

(२) स्नातकोत्तर तहको विशेष परीक्षाका लागि प्रश्नपत्र निर्माण कार्यमा संलग्न हुने व्यक्तिलेसम्बन्धित विषयमा स्नातकोत्तर वा सो भन्दा माथिको योग्यता हासिल गरी सम्भबभएसम्म कम्तीमा दश वर्षको कार्यअनुभव हासिल गरेको हुनु पर्नेछ ।

(३) कुनैपनि तहको प्रश्नपत्र परिमार्जनमा संलग्नको योग्यता प्रकरण (१) र (२) मा तोकिएबमोजिम हुनेछ ।

१०. **प्रश्न पत्र निर्माताको दायित्व** : (१) प्रश्नपत्र बनाउँदा गरिएका खेस्रा तथा मस्यौदाहरु सम्बन्धित प्रश्न पत्र निर्माताले नष्ट गर्नुपर्दछ ।

(२) प्रश्नपत्र र परीक्षाको प्राप्ताङ्कको गोपनियता बारे परीक्षासंग सम्बन्धित सबै व्यक्ति संवेदनशील तथा प्रतिवद्ध रहनु पर्नेछ ।

(३) प्रश्नपत्र बनाउँन, परिमार्जन गर्न अनुरोध गरिएका व्यक्तिको वा प्रश्नपत्र निर्माताको नजिकको नातेदार परीक्षामा सम्मिलित हुने जानकारी भएमा त्यस्तो व्यक्तिलाई परीक्षाको काममा लगाउन हुदैन ।

(४) प्रश्न पत्र निर्माणमा संलग्न व्यक्तिले तोकिएको ढाँचाको स्वार्थ नबाझिने कबुलियतनामा गर्नु पर्नेछ ।

**११. <u>सहयोग लिन सकिने</u> :** परीक्षा समितिको अधिकार प्रयोग गर्न पाउने गरी परीक्षा समितिले समितिका संयोजक वा सदस्यलाई खटाउन वा परीक्षा सञ्चालनको जिम्मेवारी दिन सक्नेछ ।

**१२. <u>प्रश्नपत्र परिमार्जन सम्बन्धी व्यवस्था</u>** : परीक्षा समितिले विज्ञ/प्रश्न पत्र निर्माताबाट प्राप्त प्रश्नहरुको शिलवन्दी खाम खोली वा कम्प्युटर प्रविधिबाट प्राप्तगरी आवश्यक परेमा सम्बन्धित विषयका विशेषज्ञहरुलाई आमन्त्रित समेत गरी तोकिएको पाठ्यक्रम, विषयबस्तुको क्रमबद्धता, पाठ्यक्रमकोस्तर अनुसारका विषयबस्तु समेटिने परिमार्जन सहित प्रश्नपत्र तयार गराउनु पर्नेछ । यसरी तयार गरिएका सेटहरुमा सकेसम्म प्रश्न दोहोरिनु हुँदैन ।

**१३. <u>अंक प्रदान</u> :** (१) परीक्षामा बस्तुगत प्रश्नहरु रहनेछन् । परीक्षाको उत्तिर्णाङ्क पचास प्रतिशत हुनेछ । परीक्षाको पूर्णाङ्क र समय काउन्सिलले तोकेबमोजिम हुनेछ ।

(२) हरेक सहि उत्तरका लागि एक अंक प्रदान गरिनेछ ।

(३) परीक्षामा सोधिएको कुनै प्रश्न गलत सावित भएमा सबै परीक्षार्थीलाई प्रत्येक गलत प्रश्नका लागि एक अंक प्रदान गरिनेछ ।

**१४. <u>उत्तरपुस्तिका परीक्षण</u>** : (१) कागजमा आधारित परीक्षाको हकमा निम्नानुसारको विधि अपनाइने छ -

(क) सबै उत्तर पुस्तिका प्राप्त भएपछि उत्तर पुस्तिकाको दाँया खण्ड तथा बायाँ खण्ड/माथिल्लो खण्ड तथा तल्लो खण्ड दुवै मा संकेत अंक वा अक्षर राखी पहिलो पृष्ठको परीक्षार्थीको क्रमसंख्या समेत रहने खण्ड च्याती अर्धकट्टीलाई खाममा बन्द गरी परीक्षा समितिका कुनै दुई सदस्यले हस्ताक्षर गरी सिलबन्दी गरी सुरक्षित राखिनेछ । परीक्षा समितिको निर्णय बिना सिलबन्दी खाम खोल्न पाइने छैन ।

(ख) उत्तरपुस्तिका कम्प्यूटर प्रविधि (अप्टिकल मार्क रिकोग्निसन, ओ.एम.आर.) बाट परीक्षण गरिनेछ ।

(ग) कुल उत्तरपुस्तिकाहरु मध्ये केहि प्रतिशत उत्तरपुस्तिका हातले जाँचगरी छड्के भिडान गरिनेछ ।

(घ) उत्तरपुस्तिका परीक्षण भई परीक्षाफल तालिका अन्तिम रुपबाट तयार भएपछि मात्र दाँया खण्डको/परीक्षार्थीको विवरण भएको खण्डको संकेताङ्क क्रमसंख्यासंग भिडाई परीक्षाफल प्रकाशित गरिनेछ ।

(२) कम्प्युटरमा आधारित परीक्षाको हकमा निम्नानुसारको विधि अपनाइने छ -

(क) कम्प्युटरमा आधारित परीक्षाको हकमा सोहि प्रविधिबाटै परीक्षाफल प्रकाशित गरिनेछ ।

(३) प्रकाशित परीक्षाफलमा चित्त नवुझेका परिक्षार्थीहरुले परीक्षाफल प्रकाशित भएको मितिले पैंतिस दिन भित्र नियमानुसारको दस्तुर सहित आवेदन गर्न सक्नेछन् । यसरी आवेदन प्राप्त भएपछि कागजमा आधारित परीक्षाको हकमा परीक्षा समितिले निजको उत्तरपुस्तिका हातैले जाँच गरेर तथा कम्प्युटरमा आधारित परीक्षाको हकमा पुनर्योगका

लागि आवेदन गरेको सात दिन भित्र अध्यक्ष वा निजले तोकेको परीक्षा समितिको सदस्य तथा रजिष्ट्रारले परीक्षार्थीले प्राप्त गरेको अंक र नतिजा रुजु गरी सोको जानकारी परीक्षार्थीलाई गराइने छ ।

**१५. परीक्षाफल :** (१) परीक्षाको नतिजा परीक्षा समाप्त भएको मितिले बढीमा सात दिनभित्र प्रकाशित गरिनेछ । तर उत्तर पुस्तिकाको सिलबन्दी खोलि सकेपछि नतिजा प्रकाशन नगर्दासम्म परीक्षाका जिम्मेवार ब्यक्तिहरुले समितिको कार्यकक्ष बाहिर निस्कन पाउने छैनन् ।

(२) उत्तीर्ण भएका परीक्षार्थीहरुको नाम, ठेगाना, क्रमसंख्या सहितको अभिलेख समितिमा सुरक्षित राखिनेछ र सफल उम्मेदवारको सुची नाम दर्ताको लागि काउन्सिल समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) दर्ता प्रमाण-पत्र परीक्षामा पुर्णाङ्कको न्यूनतम पचास प्रतिशत अंक ल्याउने परीक्षार्थी सफल उम्मेद्वार हुनेछन् र परीक्षाफलको नतिजा काउन्सिलको सूचना पाटीमा टाँस गर्नुको साथै काउन्सिल्को वेब साइटमा समेत राखिनेछ ।

(४) परीक्षामा असफल हुने परीक्षार्थीले काउन्सिलबाट सञ्चालन गरिने अर्को परीक्षामा सम्मिलित हुन पुनःआबेदन गर्न सक्नेछन ।

(५) परीक्षामा सफल उम्मेदवारले काउन्सिल दर्ता प्रमाणपत्र लिन आउदाँ सबै सक्कल प्रमाणपत्रहरु, काउन्सिलमा नियमानुसारको नाम दर्ता शुल्क जम्मा गरेको सक्कलै बैंक भौचर लिइ आउनु पर्नेछ ।

(६) परीक्षामा सफल भएका उम्मेदवारहरुलाई काउन्सिलले तोकेको ढाँचामा चिकित्सक दर्ता प्रमाण-पत्र दिइनेछ । तर काउन्सिलले परीक्षा नतोकेका तह र बिषयका चिकित्सकको हकमा यो कार्यविधि लागु हुने छैन ।

## परिच्छेद ५

### गोपनियता तथा परीक्षा केन्द्र सम्बन्धि व्यवस्था

**१६. परीक्षाको गोपनियता :** (१) परीक्षा सम्बन्धि तयारीको काम गर्नका लागि काउन्सिल भवनको सबैभन्दा माथिल्लो तला प्रयोग गरिनेछ । सो तलामा खुला, गोप्य र अति गोप्य क्षेत्र तोकिने छ । परीक्षा सम्वन्धि काममा खटिने कर्मचारी, काउन्सिल सदस्य, प्रश्न बनाउने विज्ञ तथा परीक्षामा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न हुने व्यक्तिहरु गोप्य क्षेत्र र अतिगोप्य क्षेत्रमा प्रवेश गर्नु अगाडी निजी स्वार्थ बाझिने छैन भन्ने शर्तनामा गर्नु पर्नेछ ।

(२) खुला क्षेत्र : यो क्षेत्रमा कामको सिलसिलामा आवश्यक जनशक्तिको पहुँच हुनेछ । यस क्षेत्रमा निजी मोवाइल, कम्प्युटर र अन्य उपकरण लैजान निषेध गरिने छैन ।

(३) गोप्य क्षेत्र : यो क्षेत्रमा परीक्षा समितिका सदस्यहरु, परीक्षा विज्ञहरु र गोप्य काममा खटिएका कर्मचारीहरुको पहुँच हुनेछ । यहाँ विषय विज्ञहरुले प्रश्नहरु सच्याउने/परिमार्जन (मोडरेशन) गर्ने काम हुनेछ । यस क्षेत्रमा निजी मोवाइल, कम्प्युटर र अन्य डिजिटल उपकरण लैजान निषेध गरिनेछ ।

(४) अतिगोप्य क्षेत्र : यो क्षेत्रमा प्रश्न बैंक राखिनेछ । यहाँ परीक्षा समितिको संयोजक, परीक्षा विज्ञ र गोप्य काममा खटिएका कर्मचारीहरुलाई मात्र पहुँच हुनेछ । प्रश्न बैंकमा प्रयोग हुने कम्प्युटरबाट फाइलहरु प्रतिलिपि (कपी) गर्न नसक्ने उपकरणको प्रयोग हुनेछ । प्रश्न राखिएको कम्प्युटर खोल्न तथा परीक्षा सम्बन्धि कामका लागि परीक्षा

समितिको संयोजक तथा अध्यक्षले तोकेको सदस्य गरी कम्तिमा दुइजनाले आधा-आधा पासवर्ड प्रयोग गरी प्रश्न बैंकमा पहुँच हुने व्यवस्था मिलाईनेछ ।

१७. **परीक्षाको तयारीमा संलग्नले पालना गर्नुपर्ने आचारसंहिता** : (१) नेपाल मेडिकल काउन्सिलले लिने परीक्षासँग सम्बन्धित काममा संलग्न विज्ञ, मोडरेटर, आमन्त्रित, कर्मचारी, परीक्षा समिति सदस्य तथा काउन्सिल पदाधिकारीले देहायबमोजिमको आचारसंहिता पालना गरी लिखित प्रतिवद्धता जाहेर गर्नु पर्नेछ -

(क) तोकिएको परीक्षामा आफूसँग नजिकको नाता पर्ने निकटतम व्यक्ति सहभागी हुनेभए त्यस्तो परीक्षाको काममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन पाइने छैन ।

(ख) परीक्षाको काममा संलग्न हुनका लागि परीक्षाको कामहुने कोठामा प्रवेश गर्नुअघि निजी मोबाइल, पेनड्राइभ, क्यामेरा, ल्यापटप, सिडी, टेपरेकर्डर, स्मार्ट घडी लगायत कुनै पनि प्रकारको इलेक्ट्रोनिक डिभाइस लगायतका सामग्रीहरू लैजान पाईने छैन । त्यस्तो निषेधित क्षेत्र वा कोठामा प्रवेश गर्नु अगाडी उल्लेखित सामाग्रीहरु तोकिएको स्थानमा राख्नु पर्नेछ ।

(ग) परीक्षा सञ्चालन तयारी तथा व्यवस्थापनको लागि छुट्याईएको आन्तरिक उपस्थिति पुस्तिकामा दैनिकी रुपमा हाजिरी गर्नु पर्नेछ ।

(घ) परीक्षा समितिको संयोजक वा अधिकार प्राप्त व्यक्तिको अनुमतिमा मात्र परीक्षाको काम हुने क्षेत्र वा कोठामा प्रवेश गर्न पाईनेछ ।

(ङ) परीक्षाको अनुशासन, गोपनियताको पूर्णपालना गर्ने लिखित प्रतिवद्धता व्यक्त गर्नुपर्नेछ ।

(२) परीक्षाको काममा संलग्न हुने व्यक्तिबाट कुनै किसिमको कमजोरी हुननदिनका लागि त्यस्तो व्यक्तिलाई पटक-पटक सचेत गराउन सकिने छ ।

(३) आचारसंहिताको पालना नगर्ने वा अटेर गर्ने व्यक्तिलाई परीक्षाको काममा संलग्न गराईने छैन ।

१८. **परीक्षा केन्द्र** : (१) अध्यक्षको परामर्शमा समितिले आवश्यकता अनुसार परीक्षा केन्द्र निर्धारण गरी केन्द्राध्यक्ष तोक्नेछ ।

(२) समितिले शिलबन्दी प्रश्नपत्र, उत्तर पूस्तिका र परीक्षा सन्चालन गर्न आबश्यक अन्य सामाग्रीहरु केन्द्राध्यक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) परीक्षार्थी संख्या तीन सय भन्दा बढी भएमा केन्द्राध्यक्षले कम्तिमा एक जना सहायक केन्द्राध्यक्ष राख्न सक्नेछ ।

(४) केन्द्राध्यक्षले प्रति पचास परीक्षार्थीसम्मको लागि दुईजना निरीक्षक र एकजना कार्यालय सहयोगी राख्न सक्नेछन् ।

(५) उपनियम (१) बमोजिम नियुक्त केन्द्राध्यक्षले परीक्षा सम्पन्न भएपछि प्रश्नपत्र र उत्तर पुस्तिकाहरु रुजुगरी समितिले तोकेको व्यक्तिलाई शिलबन्दी अबस्थामै बुझाउन ुपर्नेछ ।

(६) परीक्षा सञ्चालनको लागि आवश्यकतानुसार सुरक्षाकर्मीको व्यवस्था गरिनेछ ।

(७) परीक्षा सञ्चालनमा संलग्न हुने केन्द्राध्यक्ष, कर्मचारी र सुरक्षाकर्मी लगायतको पारिश्रमिक र अन्य सुविधा काउन्सिलले तोकेबमोजिम हुनेछ ।

(८) कम्प्यूटरमा आधारित परीक्षाको व्यवस्था भएमा समितिले प्रश्नपत्र राखि पासवर्ड सहितको पेनड्राइभ शिलबन्दी गरि परीक्षा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

१९. **परीक्षा सञ्चालन विधि** : (१) परीक्षा सञ्चालन हुने समय भन्दा सामान्यता पन्ध्र मिनेट अगाडि परीक्षा समितिबाट प्राप्त वा केन्द्राध्यक्षवाट प्राप्त सिलबन्दी प्रश्नपत्र केन्द्राध्यक्ष, निरीक्षकहरु र सुरक्षाकर्मीहरुको रोहबरमा मुचुल्का गरी खोल्नु पर्नेछ । सिलबन्दी खाममा कुनै कैफियत देखिएमा वा गोपनियता भंगभएको यथेष्ट आधार भेटिएमा परीक्षा रद्धगर्न सकिने छ ।

(२) परीक्षा कोठामा परीक्षार्थी बस्ने स्थान निर्धारण गरी तोकिएको स्थानमा क्रमसंख्या टास्नु पर्नेछ । परीक्षार्थीले परीक्षा दिने कोठा बाहिर पनि क्रमसंख्या टास्नु पर्नेछ ।

(३) समितिबाट वितरित परीक्षार्थीको प्रवेशपत्र जाँच्दा उचित देखिएमा मात्र परीक्षा दिन अनुमति दिने जिम्मेवारी केन्द्राध्यक्ष वा निजद्वारा खटाईएको निरीक्षकको हुनेछ । प्रबेशपत्र बिद्युतिय उपकरणबाट समेत जाँचगर्न सकिनेछ । प्रवेशपत्र विना परीक्षा दिन परीक्षार्थीलाई अनुमति दिइने छैन ।

(४) परीक्षा शुरु भएपछि परीक्षार्थीको प्रवेशपत्र अनुसार नाम, क्रमसंख्या र फोटो भिडाई दस्तखत सहित परीक्षार्थीको औठाछाप लिई हाजिर गराउनु पर्नेछ ।

(५) परीक्षा सुरु भएको पन्ध्र मिनेट भन्दा पछि आउने परीक्षार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्न दिईने छैन । परीक्षार्थीले उत्तर पुस्तिका र प्रश्नपत्र एक घण्टा पछि मात्र परीक्षा हलमा बुझाएर मात्र जान पाउने छन् ।

(६) परीक्षा समाप्त भएपछि उत्तर पुस्तिकाहरु टिनको बाकस वा कपडाको थैलो वा कपडाकोखाममा बन्द गरी सिलबन्दी गरी केन्द्राध्यक्षले समितिले खटाएको कर्मचारीलाई बुझाई भरपाई लिनु पर्नेछ ।

(७) परीक्षा समाप्त भएपछि प्रत्येक कोठामा रहेका परीक्षार्थीहरुको हाजिरी, निरीक्षकको नाम र दस्तखतको नमूना समेत समितिले खटाइएको व्यक्ति वा वाहक मार्फत समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) परीक्षा केन्द्रमा कुनै पनि कठिनाई आईपरेमा केन्द्राध्यक्षको निर्णय अन्तिम हुनेछ ।

(९) परीक्षार्थीले प्रवेशपत्र र उत्तर पुस्तिकामा उल्लेख भएका नियमहरुको पालना गर्नु पर्नेछ ।

(१०) उत्तरपुस्तिकाको मुखपृष्ठको तोकिएको ठाउँ बाहेक अन्यत्र परीक्षार्थीले आफूलाई चिनाउने वा आफ्नो नाम, क्रमसंख्या, आदि आफ्नो परिचय दिने खालको कुनै व्यहोरा, संकेत उल्लेख गरेको खुल्न आएमा समितिले उक्त परीक्षार्थीको उक्त विषयको परीक्षा रद्द गर्न सक्नेछ ।

(११) उत्तर पुस्तिकाको मुखपृष्ठको ढाँचा परीक्षा समितिले तोके बामोजिम हुनेछ ।

(१२) कम्प्यूटरमा आधारित परीक्षाको व्यवस्था भएमा परीक्षा समितिको सिफारिशमा काउन्सिलले तोकेबमोजिमको व्यवस्था लागु हुनेछ ।

२०. **परीक्षा केन्द्राध्यक्ष, निरीक्षक, सुपरिवेक्षक तथा पर्यवेक्षकको व्यवस्था** : (१) काउन्सिलले आवश्यकता अनुसार परीक्षा केन्द्रमा केन्द्राध्यक्ष, निरीक्षक, सुपरिवेक्षक, पर्यवेक्षक वा विशेष पर्यवेक्षक खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएका केन्द्राध्यक्षले आवश्यकता अनुसार तोकिएबमोजिम परीक्षा सञ्चालनका सम्बन्धमा भएगरेका गतिविधि समेटिएको प्रतिवेदन परीक्षा सकिएको तीन दिन भित्र समितिमा पेश गर्नु पर्नेछ ।

(३) परीक्षा केन्द्राध्यक्ष, निरीक्षक, सुपरिवेक्षक तथा पर्यवेक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ

(क) परीक्षाकेन्द्रमा तोकेको समयभित्र उपस्थित हुने र आफू उपस्थित भएको हाजिरी जनाउने गर्नुपर्दछ ।

(ख) परीक्षासँग सम्बन्धित नियम, निर्देशन तथा जानकारीहरूको विषयमा सुसूचित हुनुपर्दछ ।

(ग) परीक्षा हल भित्र र निषेध गरिएको स्थान भित्र आफ्नो मोबाइल फोन प्रयोग गर्न पाइने छैन । साथमा स्मार्ट वाच, ल्यापटप, क्याल्कुलेटर तथा कुनै पनि प्रकारको इलेक्ट्रोनिक डिभाइस लिइजान पाउनेछैन ।

(घ) परीक्षा हल भित्र परीक्षार्थीहरूसँग कुनै अनावश्यक कुराकानी गर्ने वा संकेत गर्न हुँदैन ।

(ङ) निरीक्षकले परीक्षा हलमा प्रत्येक परीक्षार्थीहरूको नियमित निगरानी राखी परीक्षाको कामलाई शान्त, सुव्यवस्थित वातावरणमा राखिरहनु महत्वपूर्ण नैतिक जिम्मेवारी हुनेछ । आफूलाई तोकेको परीक्षा हल परीक्षाको पूरा समय नसकुन्जेल छाड्नु हुँदैन । यदि हलबाट निस्कनुपर्ने अवस्था भएमा सँगैको अर्को निरीक्षक वा परीक्षाकेन्द्र प्रमुख वा परीक्षासँग सम्बन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराएर मात्रै जानुपर्दछ ।

(च) परीक्षार्थीहरूबाट तोकेबमोजिमको नियम, निर्देशन उल्लङ्घन गरेको देखिएमा, पाइएमा वा शंका लागेमा सम्बन्धित केन्द्राध्यक्ष तथा काउन्सिलबाट खटिईगएका जिम्मेवार व्यक्तिलाई तुरुन्त जानकारी गराउनुपर्दछ ।

## परिच्छेद ६

### परीक्षाका लागि आवेदन तथा परीक्षार्थीको आचारसंहिता

२१. **दरखास्त फाराम साथ संलग्न हुनु पर्ने कागजात** : (१) यो निर्देशिका बमोजिमको परीक्षामा सामेल हुनचाहने परीक्षार्थीले निम्नलिखित कागजातहरु मध्ये विषय र तह अनुसार तोकिएबमोजिमको प्रमाणपत्रको सक्कल कागजातहरुको स्क्यान प्रति काउन्सिलको अनलाईन आवेदन फारामसंग संलग्न गर्नुपर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाण पत्र ।

(ख) एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्रहरु ।

(ग) विश्वविद्यालय, काउन्सिल वा मान्यता प्राप्त प्रतिष्ठानहरु वा बोर्डबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको योग्यताको प्रमाण-पत्रहरु ।

(घ) सम्बन्धित विश्वविद्यालय/काउन्सिल/बोर्डबाट प्रदान गरिएको स्नातक वा स्नातकोत्तर तहको लब्धाङ्क, चारित्रिक प्रमाणपत्र, ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ङ) इन्टर्नसिप गर्नुपर्ने बिषयको हकमा सिप अध्यापन गराउन सक्षम योग्य जनशक्ति भएको मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट जारी भएको/गरेको इन्टर्नसिप गरेको प्रमाण-पत्र ।

(च) सन् २०२० को सेप्टेम्बर पश्चात अध्ययन गर्नगई विदेशी शिक्षण संस्थाबाट उत्तीर्ण गरेको भए समकक्षताको प्रमाण-पत्र ।

(छ) अध्ययन सहमती पत्र (नेपाल बाहिर अध्ययन गरेका नेपाली विद्यार्थीहरुको हकमा मात्र)

(ज) काउन्सिलले तोकेको परीक्षा दस्तुर दाखिला गरेको बैंक भौचर ।

(झ) कुनैपनि प्रमाणपत्र पहिले नै काउन्सिलमा बुझाइसकेको भए तोकिएबमोजिम मात्र बुझाउनु पर्नेछ ।

(ञ) दरखास्त फारम रुजु सम्बन्धि कुनै विवाद, समस्या वा दुविधा भएमा परीक्षा समितिले त्यस्तो विषय कारणसहित पूर्णबैठकमा पेश गर्नेछ ।

२२. **<u>परीक्षार्थीले पालना गर्नु पर्ने आचरणहरु</u> :** (१) परीक्षार्थीहरुले देहाय अनुसारका आचरणहरु पालना गर्नु पर्नेछ :-

(क) परीक्षा सम्बन्धी सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।

(ख) अनलाइन फाराम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखादेखिने औंठाछाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ । फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।

(ग) परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक परिचयपत्र जस्तै नागरिकता वा सवारी चालक प्रमाणपत्र वा सरकारी निकायबाट जारी गरिएको कुनै परिचयपत्र साथमा राख्नु पर्नेछ ।

(घ) परीक्षा सुरुहुनु अगाडी परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, आदि जाँच हुनेभएकाले परीक्षा हुनेसमय भन्दा कम्तीमा एक घण्टा अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्नेछ । परीक्षा शुरु भएको पन्ध्र मिनेट पछि परीक्षामा बस्न दिइने छैन । परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परिक्षार्थीको परीक्षा शुल्क फिर्ता हुने छैन ।

(ङ) प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।

(च) कागजमा आधारित परीक्षाको हकमा परीक्षा समितिले तोकेको स्थानमा परीक्षार्थीको नाम र रोल नं. लेखिएको खाममा प्रश्नपत्रहरु तथा चिन्ह लगाउने कलम राखिएको हुन्छ । परीक्षार्थीले तोकिएको स्थानमा हस्ताक्षर गर्ने र कुन विषयको कुन सेट प्रश्नपत्र हो त्यसमा चिन्ह लगाउनु पर्नेछ । निर्देशन गरिए अनुसार उत्तरपुस्तिकामा काउन्सिलले उपलब्ध गराएको कलमले चिन्ह लगाउनु पर्नेछ । एकभन्दा बढी वा तोकिए बमोजिम बाहेकको उत्तर चिन्ह मान्य हुने छैन । परीक्षा सकिएपछि प्रश्नपत्र र उत्तरपुस्तिका निरिक्षकलाई बुझाउनु पर्नेछ । प्रश्नपत्र र उत्तरपुस्तिका हेरफेर गर्न, लुकाउन वा साथमा लान पाईने छैन ।

(छ) कम्प्युटरमा आधारित परीक्षाको हकमा सोहि प्रविधिबाट तोकिए बमोजिम युजरनेम र पासवर्ड प्रयोग गरी तोकिएको विधिबाट परीक्षा दिनुपर्ने छ ।

(ज) परीक्षा सुरु भएको पन्ध्र (१५) मिनेट भन्दा पछि आउने परीक्षार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्न दिईने छैन । परीक्षा सुरुभएको एकघण्टा अगाडि परीक्षा हल र दुईघण्टा अगाडि परीक्षा केन्द्र परिसर छाड्न पाईने छैन ।

(झ) परीक्षा हलमा मोवाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको) लगायत सबै इलेक्ट्रोनिक सामानहरु तथा गरगहना ल्याउन र लगाउन प्रतिवन्ध छ ।

(ञ) उत्तरपुस्तिकामा कुनै नाम, चिन्ह, वा यस्तै परिचय झल्कने कुरा लेख्न पाइने छैन यदि त्यस्तो लेखेको पाईएमा परीक्षा रद्ध गरिनेछ ।

(ट) परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्ने लगायतका अवान्छित र अमर्यादित कुरा गर्न पाइने छैन ।

(ठ) केन्द्राध्यक्ष वा पर्यवेक्षक वा निरिक्षक वा कुनै पनि व्यक्ति उपर अभद्र व्यवहार गर्न पाईने छैन ।

(२) कुनै परीक्षार्थीले उपनियम (१) मा उल्लिखित आचरण उलंघन गरेमा केन्द्राध्यक्षको सिफारिसमा परीक्षा समितिले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) परीक्षा केन्द्रबाट निस्काशन गर्ने,

(ख) केन्द्राध्यक्षद्वारा निरीक्षकको सिफारिसमा परीक्षार्थीको परीक्षा रद्द गर्न समिति समक्ष सिफारिस गर्ने,

(ग) पर्यवेक्षक वा केन्द्राध्यक्षको सिफारिस बमोजिम एक वर्ष देखि तीन बर्षसम्म परीक्षामा सम्मिलित हुन नपाउने गरी कारवाही गर्न काउन्सिल समक्ष पेश गर्ने ।

## परिच्छेद ७

### विविध

२३. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा काउन्सिलले बाधा अड्काउ-फुकाउ गर्न सक्नेछ ।

२४. **खारेजी र बचाउ** : चिकित्सकको नाम दर्ता प्रमाणपत्र सम्बन्धी यस भन्दा अगाडी भएका निर्णय तथा व्यवस्था खारेज गरि यो कार्यविधि लागु हुनु भन्दा अगाडी भएगरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ ।

# अनुसूची-१

## प्रवेश पत्रको नमुना

|| Nepal Medical Council ||

XXXXXXXXX
(Roll no)

**Nepal Medical Council**

**Licensing Exam**

**Title:** Nepal Medical Council Licensing Examination
YYYY/MM/DD
**Roll Number:** XXXXXXXXX
**Medical**

Photo

Recent Photograph with signature falling over both form and photo (Photo must be same as uploaded photo)

| | |
|---|---|
| **Surname :** | XXX |
| **First Name:** | XXX |
| **Middle Name:** | XXX |
| **Student Under Scheme:** | Self |

(Thumb Print will be verified by Electronic device)

(Signature)

**नेपाल मेडिकल काउन्सिल चिकित्सक दर्ता प्रमाणपत्र परीक्षाका परीक्षार्थीलाई निर्देशन**

- परीक्षा सम्बन्धि सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।
- अनललाइन फारम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखादेखिने औंठाछाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ । फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।
- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक परिचयपत्र जस्तै नागरिकता वा सवारी चालक प्रमाणपत्र वा सरकारी निकायबाट जारी गरिएको कुनै परिचयपत्र ल्याउनु पर्नेछ ।
- परीक्षा सुरुहुनु अगाडी परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, आदि जाँच हुनेभएकाले परीक्षा हुनेसमय भन्दा करिव २ घण्टा अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु बान्छनीय छ । परीक्षा सुरुभएको पन्ध्र मिनेट पछि परीक्षामा बस्न दिइने छैन । परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परिक्षार्थीको परीक्षा शुल्क फिर्ता हुनेछैन ।
- प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय ३ घण्टा, पूर्णाङ्क १८० र उत्तिर्णाङ्क ९० हुनेछ ।
- जम्मा सोधिने १८०वटा प्रश्नहरु मध्ये एक–एक अङ्क भारका १३० र पाँच–पाँच अङ्क भारका १० (जम्मा ५०)प्रश्नहरु हुनेछन् ।
- परीक्षा सुरुभएको एकघण्टा अगाडि परीक्षा हल र दुईघण्टा अगाडि परीक्षा केन्द्र परिसर छाड्न पाईने छैन ।
- परीक्षा हलमा मोवाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको) लगायत सबै इलेक्ट्रोनिक सामानहरु तथा गरगहना ल्याउन र लगाउन प्रतिवन्ध छ ।
- परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्न लगायतका अवान्छित र अमर्यादित कुरागर्न मनाहि छ ।
- माथि उल्लेखित निर्देशन विपरित कार्यगर्ने परीक्षार्थीलाई तोकिएबमोजिमको कानुनी कारवाही गरिनेछ ।

**परीक्षा केन्द्र : पुल्चोक इन्जीनियरीङ क्याम्पस, पुल्चोक, ललितपुर**
**परीक्षाको मिति र समयका लागि काउन्सिलको वेवसाईट हेर्नहुन जानकारी गराईन्छ ।**

XXXXXXXXX
(Roll no)

https://exam.nmc.org.np/exam/admit-card/28314.html 1/1

|| Nepal Medical Council ||

XXXXXXXXX
(Roll no)

Nepal Medical Council

Special Exam

**Title:** Nepal Medical Council Special Examination
YYYY/MM/DD
**Roll Number:** XXXXXXXXX
**Medical**

Photo

Recent Photograph with signature falling over both form and photo (Photo must be same as uploaded photo)

| | |
|---|---|
| **Surname :** | XXX |
| **First Name:** | XXX |
| **Middle Name:** | XXX |
| **Student Under Scheme:** | Self |

(Thumb Print will be verified by Electronic device)

(Signature)

**<u>नेपाल मेडिकल काउन्सिल विशेष परीक्षाका परीक्षार्थीलाई निर्देशन</u>**

- परीक्षा सम्बन्धि सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।
- अनललाइन फारम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखादेखिने औंठाछाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ । फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।
- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक परिचयपत्र जस्तै नागरिकता वा सवारी चालक प्रमाणपत्र वा सरकारी निकायबाट जारी गरिएको कुनै परिचयपत्र ल्याउनु पर्नेछ ।
- परीक्षा सुरुहुनु अगाडी परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, आदि जाँच हुनेभएकाले परीक्षा हुनेसमय भन्दा करिव २ घण्टा अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु बान्छनीय छ । परीक्षा सुरुभएको पन्ध्र मिनेट पछि परीक्षामा बस्न दिइने छैन । परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परिक्षार्थीको परीक्षा शुल्क फिर्ता हुनेछैन ।
- प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय २ घण्टा, पूर्णाङ्क १२० र उत्तिर्णाङ्क ६० हुनेछ ।
- जम्मा सोधिने १२० वटा प्रश्नहरु मध्ये एक–एक अङ्क भारका ८० र पाँच–पाँच अङ्क भारका ८ (जम्मा ४०) प्रश्नहरु हुनेछन् ।
- परीक्षा सुरुभएको एकघण्टा अगावै परीक्षा हल छाड्न पाईने छैन ।
- परीक्षा हलमा कलम, मोवाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको) लगायत सबै इलेक्ट्रोनिक सामानहरु तथा कुनै प्रकारका गरगहना ल्याउन र लगाउन प्रतिवन्ध छ ।
- परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्न लगायतका अवान्छित र अमर्यादित कुरागर्न निषेधित छ । अन्यथा परीक्षा स्वत रद्द हुनेछ ।
- माथि उल्लेखित निर्देशन विपरित कार्यगर्ने परीक्षार्थीलाई तोकिएबमोजिमको कानुनी कारवाही गरिनेछ ।
- कुनै परीक्षार्थीले प्रश्नपत्रमा रहेको अस्पस्टताको सम्बन्धमा सोध्नु पर्दा परीक्षामा सम्मिलित अन्य परीक्षार्थीलाइ बाधा नपर्ने गरि निरीक्षकलाई सोध्नु पर्नेछ ।
- परीक्षा केन्द्रमा परीक्षार्थीले साथमा ल्याउने कुनै पनि सामाग्री (मोबाइल, गरगहना, ब्याग झोला, पर्स, चाबी आदि) को जिम्मेवारी काउन्सिलले लिनेछैन ।
- **परीक्षा केन्द्र : पुल्चोक इन्जीनियरीङ क्याम्पस, पुल्चोक, ललितपुर । परीक्षाको मिति र समयका लागि काउन्सिलको वेवसाईट हेर्नहुन जानकारी गराईन्छ ।**

XXXXXXXXX
(Roll no)

https://exam.nmc.org.np/exam/admit-card/29174.html 1/1

अनुसूची - २

स्वार्थ नबाझिने तथा आचारसंहिता सर्तनामा

म नेपाल मेडिकल काउन्सिलले लिने दर्ता प्रमाणपत्र/विशेष परीक्षामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन मञ्जुर छु । यस परीक्षामा मेरो नजिकको नाता पर्ने कोहिपनि व्यक्ति परीक्षार्थी छैन । परीक्षाको कामहुने कोठामा प्रवेश गर्नुअघि निजी मोबाइल, पेनड्राइभ, क्यामेरा, ल्यापटप, सिडी, टेपरेकर्डर, स्मार्ट घडी लगायत कुनै पनि प्रकारको इलेक्ट्रोनिक डिभाइस लगायतका सामग्रीहरू लैजान पाईने छैन र त्यस्तो निषेधित क्षेत्र वा कोठामा प्रवेश गर्नु अगाडी उल्लेखित सामाग्रीहरु तोकिएको स्थानमा राख्नु पर्नेछ भन्ने मलाई जानकारी छ । परीक्षा सञ्चालन तयारी तथा व्यवस्थापनको लागि छुट्याईएको आन्तरिक उपस्थिति पुस्तिकामा दैनिकी रुपमा हाजिरी गर्नु पर्ने र परीक्षा समितिको संयोजक वा अधिकार प्राप्त व्यक्तिको अनुमतिमा मात्र परीक्षाको काम हुने क्षेत्र वा कोठामा प्रवेश गर्न पाईने मलाई थाहा छ ।

उल्लेखित आचारसंहिता, परीक्षाको अनुशासन र गोपनियताको पूर्णपालना गर्ने लिखित प्रतिवद्धता व्यक्त गर्दछु ।

नाम : ................................................................

कार्यालय : ........................................................पद : ..........................

फोन नं.: ............................. ईमेल : ....................................................................

हस्ताक्षर : ................................

ने.मे.का. परीक्षा समितिको तर्फबाट,

नाम : ................................................................

कार्यालय : ........................................................पद : ..........................

हस्ताक्षर : ................................